# TOR (Terms of References) For Outsourcing Audit Firm for Internal Audit Service

**प्रकाशित मिति २०८२/०२/१२ गते**

यस श्रृजनशील लघुवित्त वित्तीय संस्था अन्तर्गतको केन्द्रिय कार्यालय, क्षेत्रीय कार्यालय र शाखा कार्यालयहरुको आ.व.२०८१/०८२ को २०८१ श्रावण १ गतेदेखि २०८२ असार मसान्त सम्मको कारोवारको Outsourcing विधिबाट आन्तरिक लेखापरिक्षण गर्नुपर्ने भएको हुँदा सो कार्य गर्न इच्छुक तथा अनुभवी चाटर्ड एकाउन्टेन्टस् फर्म/कम्पनीबाट मिति २०८२/०२/२५ गते सम्म कार्यालय समयभित्र यस संस्थाका केन्द्रिय कार्यालय, गोलवजार - ७, चोहर्वा सिराहा वा संस्थाको इमेल ठेगाना audit@shrijanshil.com.np मा आइपुग्ने गरी तोकिएको TOR (Terms of References) बमोजिम खामवन्दी प्रस्ताव पेश गर्न आह्वान गरिन्छ ।

## १. वाह्य स्रोतवाट आन्तरिक लेखापरीक्षण गराउनुको उद्देश्य (Objectives) :

हालसम्म यस वित्तीय संस्था अन्तर्गत कार्यालयहरुको आन्तरिक लेखापरीक्षण कार्य आन्तरिक रुपमा गरिदै आएकोमा नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी हुने निर्देशन, परिपत्रहरुको अनुपालना, NFRS को पूर्ण कार्यान्वयन, व्यवसायिक बातावरणमा देखापर्दै आएको जटिलता, आन्तरिक लेखापरीक्षण प्रतिवेदनको पूर्ण कार्यान्वयन आदि कारणले आन्तरिक लेखापरिक्षण कार्य चुनौतीपूर्ण हुदै गएको छ । तसर्थ आन्तरिक लेखापरीक्षण कार्य आन्तरिक कर्मचारीहरु र बाह्य विज्ञ फर्मबाट समेत गराउदा आन्तरिक कर्मचारीहरुको क्षमता बढने, आन्तरिक लेखापरीक्षण कार्यको प्रभावकारिता बढन जाने, भविष्यको चुनौतहिरुलाई समयमा नै आंकलन गरी आन्तरिक नियन्त्रण प्रणाली थप सुदृढ बनाउने उद्धेश्यका साथ यस आ.व. २०८१/०८२ को श्रावण १ देखि २०८२ असार मसान्त सम्मको के.का., क्षे.का.र सम्पूर्ण शाखा कार्यालयहरुको आर्थिक, प्रशासनिक कृयाकलापहरुको आन्तरिक लेखापरिक्षणको प्रतिवेदन तयार पार्नु रहेको छ ।

## २. कार्यक्षेत्र (Scope of Works)

यस संस्थाको सिराहा जिल्लाको गोलबजार ७ स्थित केन्द्रीय कार्यालय र अनुसूची १ मा उल्लेख भए अनुसारको २ वटा क्षेत्रीय कार्यालय र ३३ वटा शाखा कार्यालयहरुको आर्थिक वर्ष २०८१/०८२ को २०८१ श्रावण १ गतेदेखि २०८२ असार मसान्त सम्मको आन्तरिक लेखापरीक्षण गर्ने, सो को प्रतिवेदन तयार गर्ने, NFRS कार्यान्वयनको लागि मार्गदर्शन गर्ने, आन्तरिक लेखापरीक्षणको आवधिक प्रतिवेदन तयार गरी सो बारे आन्तरिक लेखापरीक्षण विभाग लगायत उच्च व्यवस्थापन समितिलाई जानकारी गराउने कार्य यस सम्झौताभित्र पर्नेछ ।

## ३. अपेक्षित उपलब्धीहरु (Expected Deliverables):

- केन्द्रीय कार्यालय सहित क्षेत्रीय कार्यालय र शाखा कार्यालयहरुको आन्तरिक लेखापरीक्षण कार्य योजना ।
- लेखापरीक्षण गरिएका कार्यालयहरुको कार्यालयगत प्रतिवेदन ।
- सम्पति प्रमाणिकरण (Asstes Verification) प्रतिवेदन ।
- वार्षिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन ।

## ४. आवश्यक न्यूनतम योग्यता (Minimum Qualifications) :

Outsourcing मार्फत आन्तरिक लेखापरीक्षण गर्ने फर्म, व्यक्ति वा कम्पनी नेपाल चार्टर्ड एकाउटेन्टस् संस्था (ICAN) मा चार्टर्ड एकाउन्टेन्टको रुपमा दर्ता भई इजाजतपत्र नविकरण, आयकर दर्ता लगायतका कानुनी प्रकृया पुरा गरेको हुनु पर्नेछ । यस संस्थाको बैधानिक लेखापरिक्षण गर्ने बाह्य लेखापरीक्षक यो कार्यको लागि ग्राह्य हुने छैनन् । आन्तरिक लेखापरीक्षण कार्यको लागि खटाउने टिमको लिडर चार्टर्ड एकाउन्टेन्ट वा सो सरहको योग्यता पुगेको व्यक्ति हुनु पर्नेछ

। टिमका अन्य सदस्यहरु पनि चार्टर्ड एकाउन्टेन्सीको आर्टिकलसीप पुरा गरेको व्यक्ति हुनु पर्नेछ । बैंक वित्तीय संस्था, खासगरि लघुवित्त क्षेत्रको लेखापरिक्षण गरेको अनुभवी व्यक्ति, फर्मलाई प्राथमिकता दिइनेछ ।

## ५. भुक्तानी तालिका (Mode of Payment):

यस कार्यका लागि स्वीकृत फर्मलाई देहाय बमोजिम ३ किस्तामा कार्य सम्पादनका आधारमा भुक्तानी गरिनेछ । लेखापरिक्षण शुल्क तोक्दा भ्रमण खर्च, फिल्डमा खटिजाने लेखापरीक्षकहरुको दैनिक भत्ता लगायत सबै खर्चहरु एकमुस्ट रुपमा उल्लेख भएको हुनुपर्दछ । उक्त कन्सल्टेन्सी खर्च भुक्तानी गर्दा प्रचलित कानुनी व्यवस्था बमोजिम अग्रिम कर कट्टि गरी बाँकि रकम भुक्तानी गरिनेछ ।

| किस्ता | भुक्तानीका शर्त | पाउने रकम प्रतिशत |
|---|---|---|
| पहिलो | सम्झौता र Engagement Letter जारी पश्चात लेखापरीक्षण कार्ययोजना पेश भई स्वीकृती पश्चात | करार रकमको २०% |
| दोश्रो | सम्पूर्ण विभागको लेखापरीक्षक कार्य समापन गरि शाखागत रुपमा प्रारम्भिक प्रतिवेदन तयार भए पश्चात | करार रकमको ६०% |
| तेश्रो | करार वमोजिम सम्पूर्ण प्रकृया पुरा भए पश्चात | करार रकमको २०% |

## ६. अन्य (Others):

सामान्यतया Outsourcing लेखापरीक्षण टिमको समन्वय, पत्राचार आन्तरिक लेखापरीक्षण विभाग मार्फत हुनेछ । सम्भवत आन्तरीक लेखापरिक्षणको दौरान सो टिम सँग आफनो जनशक्ति समेत परिचालन गरिनेछ । आन्तरिक लेखापरीक्षण कार्य गर्दा सकेसम्म सिक्ने, सिकाउने बातावरण (Learning Environment) को निर्माण गर्न प्रोत्साहित गर्नुपर्नेछ ।

## अनुसूची १

| क.स. | जिल्ला | कार्यालय ठेगाना |
|---|---|---|
| १. | सिरहा | केन्द्रिय कार्यालय, क्षेत्रीय कार्यालय.लहान, शाखा कार्यालयहरु चोहर्वा, मिर्चैया, कल्याणपुर, सिराहा, धनगढी, लहान, सुखिपुर, भगवानपुर |
| २. | उदयपुर | रामपुर ठोक्सिला, वेलटार, गाईघाट, मुर्कुची, कटारी |
| ३. | सिन्धुली | दुधौली, भिमान, सिन्धुली, खुर्कोट, मरिणछाप |
| ४. | सप्तरी | सिमरा, पत्थरगाढा |
| ५. | धनुषा | रघुनाथपुर, बटेश्वर |
| ६. | महोत्तरी | रामगोपालपुर, गौशाला |
| ७. | सर्लाही | हरिपुर्वा, बागमति |
| ८. | रौतहट | क्षेत्रीय कार्यालय हर्साहा, शाखा कार्यालयहरु : हर्साहा, मौलापुर, गंगापिपरा |
| ९. | बारा | गंजभवानीपुर, फेटा |
| १०. | पर्सा | महुवन, जिराभवानी |

लेखापरीक्षण विभाग
श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.